का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० असोज २०७९,
आइतबार
16 October 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# एजेण्डाविहीन प्रतिस्पर्धा

बढी चर्चा ठूला दलका उम्मेदवारहरूको भइरहेको छ । तर, तिनै ठूला दलका उम्मेदवारहरु नै प्रष्ट रुपमा चुनावी एजेण्डा पस्किन सकिरहेका छैनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असोज

राजनीतिक दलहरु पार्टीकै नेताहरूबाट भएको विद्रोहबाट तरंगित छन् । बागी उम्मेदवार व्यवस्थापनमा लागेका शीर्ष नेताहरु विद्रोही नेताहरूलाई फकाउने, गलाउने र केही नलागे कारबाहीको डन्डा चलाउनेमा व्यस्त छन् । अर्थात, चुनावमा के कस्ता एजेण्डा लैजाने, विगत पाँच वर्षमा नेपालको, आम नागरिकको जीवनस्तर कति उकासियो, नेपालको अन्तराष्ट्रिय छवी कहाँ छ, विदेश सम्बन्ध कस्तो रह्यो, कस्तो बनाउने हो भनेर न नेताहरु छलफलमा छन न कार्यकर्ता । नागरिकस्तरबाट पनि यस किसिमको एजेण्डा र योजनाहरूको खोजी खासै भएको पाइँदैन । फगत राजनीतिक दलहरु नीति, नेतृत्व र एजेण्डाका कुरै नगरी जसरी हुन्छ आगामी चुनाव जितेर सरकार बनाउनेगरी चुनावी मैदानमा उत्रिएका छन् । नेताहरुका सार्वजनिक अभिव्यक्ति पनि उस्तै छन्, एजेण्डा नै चुनाव जित्नु रहेको उनीहरुको भाव छ ।

शनिवार गोरखामा सत्ता गठबन्धनले आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षणलाई सम्बोधन गर्दै नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बामलोकतान्त्रिक गठबन्धन निर्वाचनका लागि नभई संविधानको रक्षाका लागि भएको बताए । संविधान नै खतरामा परेका बेला वर्तमान संविधानको रक्षाका लागि गठबन्धन बनेको उनको भनाइ छ । उनले भने, 'संविधान ध्वस्त पार्ने अवस्था आएपछि त्यसको रक्षाका लागि गठबन्धन निर्माण गरिएको हो । पटक-पटक संविधान च्यात्ने कोसिस भएपछि यही गठबन्धनले संविधानको रक्षा गरेको हो । अब यसलाई मङ्सिर ४ गतेको चुनावमा सदुपयोग गर्नुपर्छ ।' अर्थात, गठबन्धनले जसरी पनि चुनाव जित्नुपर्ने उनको जिकिर छ । जसरी पनि चुनाव जित्नुपर्ने भनिरहँदा प्रचण्डले जितेपति के के गरिन्छ भनेर चुनावी एजेण्डा भने दिएनन् ।

प्रचण्ड गोरखा-२ बाट प्रतिनिधिसभा सदस्यमा चुनाव लड्दैछन् । उनी जस्ता धेरै देशभरका प्रतिस्पर्धीको ध्यय चुनावी एजेण्डा पस्केर भन्दा जसरी आफैँले चुनाव जित्नुपर्छ भन्ने अभिव्यक्ति सार्वजनिक भइरहेका छन् ।

४ मंसिरमा हुने चुनावका लागि प्रतिनिधिसभा र प्रदेशसभा गरी ६ हजार प्रतिश्पर्धामा उत्रिएका छन् । दुई ठूला गठबन्धन, साना दल र गैरदलीय गरी प्रतिनिधिसभामा १९ सय र प्रदेशसभामा ३६ सयको उम्मेद्वार छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वारी दिएको छ । १६५ सदस्यीय प्रतिनिधिसभा र ३३० प्रदेशसभाका लागि यी दलहरुले साझा उम्मेद्वारी दिएका हुन् । नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा)राप्रपा र राप्रपा नेपाल लगायतले गठबन्धन गरी साझा उम्मेद्वारी दिएको छ । प्रभु साहको विद्रोहले गर्दा यो गठबन्धनको उम्मेद्वारी संख्या घटेको छ । तर उनीहरुले पनि गैरदलीय उम्मेद्वारी दिएका छन् । यसपटक तुलनात्मक रुपमा धेरै गैरदलीय उम्मेद्वारी परेको छ । किनकि दुई गठबन्धन र साना दलको मात्रै उम्मेद्वारी हुने हो भने यो संख्यामा उम्मेद्वार हुने थिएन । तर बढी चर्चा भने ठूला दलका उम्मेद्वारहरुप्रति नै भइरहेको छ । तर, तिनै ठूला दलका उम्मेदवारहरु चुनावी एजेण्डा पस्किन सकिरहेका छैनन् ।

# प्रतिबद्धतामा विश्वास गुमाएका दलहरु

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ असोज

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सबै दलहरु घोषणापत्र निर्माणको तयारीमा जुटेपनि आममतदाताले भने घोषणापत्रमा विश्वास गर्न छाडेका छन् । पटकपटक विभिन्न विकास र परिवर्तनका एजेण्डा ल्याएर ५० प्रतिशत पनि पूरा गर्न नसकेका कांग्रेस र वामपन्थी दलहरुप्रतिको विश्वास घटेको हो । चुनाव जित्नका लागि जनतामाझ भ्रमपूर्ण एजेण्डा प्रस्तुत गर्नें अनि जितेपछि गाउँ फर्किएर समेत नजाने प्रवृत्तिका कारण जनतामा निराशा पैदा भएको हो ।

'हामीलाई कोही नेताको भनाईप्रति विश्वास छैन, हामीले अहिले काम गरेर खान त पाएका छैनौँ, यी भ्रष्ट नेताको कुरा कसले पत्याउँछ' वर्षोदेखि ठेलामा मकै बेच्दै आएकी उदयपुरकी सरस्वती राईले भनिन् । उनी घोषणापत्रमा विश्वास गर्ने त परको कुरा चुनावमा कसैलाई भोट नहाल्ने बताउँछिन् ।

काठमाडौंको ठमेलमा खुद्रा पसल राख्दै आएकी विरबहादुर कार्कीको धारणा पनि राईकै विचारसँग मिल्दो छ । देश परिवर्तनका लागि राजतन्त्र फालेर गणतन्त्र ल्याएपनि सीमित व्यक्तिले मात्रै फाईदा लिएको उनको भनाई छ ।

तरपनि, दलका नेताहरु अझै जनतामा भ्रम छर्न सक्छौँ भन्नेमा विश्वस्त छन् । तसर्थ, नेपाली कांग्रेसले महामन्त्री विश्वप्रकाश शर्मा, गगन थापा, डा. स्वर्णिम वाग्ले लगायतका नेताहरुको नेतृत्वमा घोषणापत्र निर्माण गरिरहेका छ । अघिल्ला चुनावमा जस्तै कांग्रेसले जनतामा भ्रम छर्ने प्रयास गरेको छ ।

> अघिल्लो चुनावमा जस्तै जनताले एउटै दल भन्दा पनि विवेकसम्मत ढंगले मतदान गर्न सक्दछन् ।

यता, नेकपा एमालेका हालत पनि उहीँ छ । अघिल्लो निर्वाचनमा वामगठबन्धन बनाएर समृद्धिको नारा दिने लक्ष्य बोकेको एमाले अहिले पार्टी विभाजन भएर जसपासँगको तालमेलमा अघि बढ्दैछ । अध्यक्ष केपी ओली आफ्नै नेतृत्वमा घोषणापत्र बनाउन लाकुरीभञ्ज्याङ्ग पुगेका छन् ।

सत्तागठबन्धनमा रहेको नेकपा माओवादी केन्द्रले पनि नारायणकाजी श्रेष्ठको नेतृत्वमा घोषणापत्र बनाउने तयारी गरेको छ । तर, वर्षोदेखि घोषणापत्रमा सीमित माओवादी केन्द्रको एजेण्डा जनताले पत्याउने भने अवस्था छैन ।

त्यस्तै, एमालेबाट अलग भएको नेकपा एकीकृत समाजवादीले पनि महासचिव बेदुराम भुसालको नेतृत्वमा घोषणापत्र तयारी गर्दैछ । तर, उक्त दलका नेता पटकपटक निर्वाचित भईसकेका हुँदा उनीहरुको कुरामा पनि जनमत प्रभावित भईहाल्ने अवस्था छैन ।

अनि, मधेशकेन्द्रित जसपा, लोसपा आदि दलहरु पनि जनतालाई झुक्याएर जाने प्रयत्नमा छन् । उनीहरुलाई पनि पूर्ण विश्वास गर्ने अवस्था देखिदैंन । तसर्थ पनि पछिल्लो समय स्वतन्त्र उम्मेद्वारको लहर देशभरि नै देखिन्छ । अघिल्लो चुनावमा जस्तै एउटै दललाई भन्दा पनि विवेकसम्मत ढंगले मतदान गर्ने तयारीमा जनता देखिएका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभा गरी ६ हजार प्रतिश्पर्धामा उत्रिएका छन् । दुई ठूला

– बाँकी पृष्ठ २ मा

# समानुपातिकतर्फ मतपत्र छपाइ सकियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज ।



निर्वाचन आयोगले आसन्न प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सकाएको छ ।

आयोगले समानुपातिक निर्वाचनका लागि आवश्यक पर्ने सबै (४ करोड ६ लाख ५ हजार) मतपत्रको छपाइ सकिएको जनाएको छ । प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि २ करोड ४ लाख २१ हजार मतपत्रको छपाइ भएको छ भने सातवटै प्रदेशका लागि समानुपातिकतर्फको २ करोड १ लाख ८४ हजार मतपत्रको छपाइ भएको आयोगले जनाएको छ ।

आयोगकाअनुसार पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि शनिबार (असोज २९ गते)सम्म १७ लाख मतपत्र छपाइ भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि मतपत्र ढुवानी भइरहेको छ ।

शनिवारसम्म खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, उदयपुर, सप्तरी, महोत्तरी, धनुषा, सिरहा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरी जिल्लामा उक्त मतपत्र ढुवानी भएको छ ।

वैदेशिक रोजगार विशेष

# कन्सुलर सेवा पाँच मिनेटमै !

**नारायण न्यौपाने/रासस**
काठमाडौं, २९ असोज

कन्सुलर सेवा विभागले सेवाग्राहीका सबै काजगात चुस्त अवस्थामा रहे कन्सुलरसम्बन्धी कतिपय सेवा पाँच मिनेटभित्रै उपलब्ध गराउने नवीनतम् प्रणाली अभ्यासमा ल्याएको छ । 'सहज तथा सुलभ कन्सुलर सेवा' नाम दिइएको उक्त कार्यक्रमले विभागको सेवा प्रवाह छिटो-छरितो मात्र नभई राजश्व संकलन वृद्धि तथा अन्तर्राष्ट्रिय समुदायमा नेपालका कागजपत्र प्रमाणित कार्यको विश्वसनीयता बढाएको छ ।

विभागका महानिर्देशक धनबहादुर ओलीले नयाँ सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याइएपछि दरूदराजबाट काठमाडौं आएर कागजपत्र नमिलेर फर्कनुपर्ने समस्या हट्नुका साथै जनतालाई स्थानीय तहबाटै कन्सुलरसम्बन्धी सेवा प्रभावकारीरूपमा प्रदान गर्ने कार्यमा सफलता मिलेको जानकारी दिए । विभागले नयाँ अभ्यासमा ल्याएको सूचना प्रविधिको प्रयोग मुलुकका सबै जिल्ला प्रशासन कार्यालय, स्थानीय तह अर्थात् पालिका कार्यालयमा जोडिएपछि कन्सुलर सेवा सेवाग्राहीमैत्री बन्न पुगेको हो ।

महानिर्देशक ओल भन्छन्, 'आधुनिक कन्सुलर अफिस ड्रिमसहितको स्थानीय तहसँगको सहकार्य कार्यक्रम यस आवमा उदयपुर, खोटाङ र ओखलढुङ्गाका १० पालिकामा सुरु गरिएको छ भने यस आवमा थप २० जिल्लामा विस्तार गर्ने कार्ययोजना छ ।'

गत वर्ष २५ जिल्लामा सहकार्यको शुरुवात गरिएको थियो । यसले गर्दा कम साधनस्रोतमा धेरै सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज भएको छ । साथै विभागमा सेवाग्राहीको चाप निकै कम भएको छ । दिनभर लाग्ने कतिपय काम केही मिनेटमा समेत हुने गरेको विभागको दाबी छ । विभागले आफ्नै जनशक्ति र स्रोतसाधनको प्रयोग गरी निकै कम खर्चमा तयार गरेको उच्च प्रविधिको उक्त सेवा सञ्चालनमा आएपछि जनताले कन्सुलरसम्बन्धी आफ्नो काम कहाँ कुन चरणमा पुगेको छ भनेर घरबाटै जानकारी लिन र प्रतिक्रिया दिन सक्नेछन् ।

विभागको आफ्नै कार्ययोजना र सिर्जनामा निर्माण गरिएको अनलाइन कन्सुलर सेवा प्रणालीको स्रोत पूर्णरूपमा विभागसँगै रहेकाले पूर्णरूपमा सुरक्षित मात्र नभई आवश्यकतानुसार परिमार्जन गर्न अरु कुनै कम्पनीमा निर्भर हुनुपर्ने छैन । विभागको सेवा लिने क्रममा कुनै समस्या र अल्झन खेप्न नपरोस् भनी निःशुल्करूपमा टोल फ्रि नम्बर ११५२ सञ्चालनमा ल्याएर केन्द्रसँग जोड्ने काम भएको छ । महानिर्देशक ओली भन्छन्, 'मुलुकभर

– बाँकी पृष्ठ २ मा

# तीन चुनाव चिह्न हेरफेर

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २९ असोज ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तीन वटा निर्वाचन चिह्नमा सामान्य हेरफेर भएको छ ।

निर्वाचन आयोगको अभिलेखमा रहेको निर्वाचन चिह्नको नाम र चिह्नमा केही भिन्नता देखिएको र आयोगमा रहेको अभिलेख र निर्देशिकामा रहेको विवरणबीच भिन्नता पाइएको भन्दै निर्वाचन आयोगले तीन वटा चुनाव चिह्न हेरफेर गरेको हो । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार असोज २७ गतेको निर्णयअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा ८७ ले दिएको अधिकार प्रयोग गरी तीन वटा निर्वाचन चिह्नको अनुसूचीमा हेरफेर गरिएको हो ।



> प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा ८७ ले दिएको अधिकार प्रयोग गरी तीन वटा निर्वाचन चिह्नको अनुसूचीमा हेरफेर गरिएको हो ।
>
> **दिनेश थपलिया**
> प्रमुख निर्वाचन आयुक्त

निर्देशिकाको अनुसूची २९ को क्रम सङ्ख्या १३ मा रहेको हाम्रो नेपाली पार्टीको निर्वाचन चिह्न लौरो र अनुसूची को खण्ड (क) मा रहेका स्वतन्त्र उम्मेदवारको लागि निर्धारित निर्वाचन चिह्नअन्तर्गत डोजर र क्रस खुकुरी निर्वाचन चिह्न हेरफेर गरिएको छ ।

हेरफेर गरिएका निर्वाचन चिह्नसहितको विवरण वेबसाइटमा राखिएको आयोगले जनाएको छ । आगामी मङ्सिर ४ गते आइतबार देशभर एकै चरणमा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ । आयोगले यही असोज २६ गते मनोनयनपत्र दर्ता गराएका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको थियो ।

# आचारसंहितामा कडाइ गर्न प्रमुख निर्वाचन आयुक्त थपलियाको निर्देशन

**काठमाडौं/मस-** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता, २०७९ लाई कडाइका साथ पालना गर्न गराउन निर्देशन दिएका छन् । प्रमुख आयुक्त थपलियाले पोखरामा शनिबार आयोजित जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा बोल्दै आचारसंहिताको उल्लङ्घन गरेको देखिएमा तत्काल आयोगमा लिखित वा मौखिक जानकारी दिन आग्रह गरे ।



उनले आयोगले तोकेका अनुगमन अधिकृतलाई आचारसंहिताको उल्लङ्घन गर्ने उम्मेदवारलाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्न निर्देशन दिए । उम्मेदवारबाट चित्त बुझ्दो जवाफ पेस नभएमा उम्मेदवार रद्द गर्ने समेतको अधिकार निर्वाचन आयोगलाई भएकोले त्यससम्बन्धी विवरण स्पष्ट खुलाइ आयोगमा लेखिपठाउन उनले निर्देशन दिए ।

प्रमुख आयुक्त थपलियाका अनुसार निर्वाचन आयोग ऐन २०७३ को दफा २२ले दिएको अधिकार प्रयोग गरेर आयोगले निर्वाचन आचारसंहिता, २०७९ निर्माण गरेको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा ४६ मा 'कसैले आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रु एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।'

उम्मेदवारले मनोनयन दर्ता गर्ने क्रममा बुझाएको विवरणमा उल्लेख भएबमोजिमको स्रोतबाट खर्च गरेको नगरेकोबारे आयोगले निगरानी गर्ने बताउँदै निर्वाचन आयुक्त थपलियाले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारीलाई समेत कारबाही गर्न शुरु भइसकेको जानकारी दिए । कर्मचारीले निर्वाचन सम्पन्न नहुँदासम्म सामाजिक सञ्जाल प्रयोगमासमेत सचेतता अपनाउन उनको आग्रह थियो ।

बैठकमा कास्कीका मुख्य निर्वाचन अधिकृत प्रकाश खरेल, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला आचारसंहिता अनुगमन समितिका सह-संयोजक टेकबहादुर केसी, सदस्य प्रहरी उपरीक्षक अजय केसी, उप-अनुसन्धान निर्देशक मनोज ढकाल, अनुगमन अधिकृत रामजी शर्मा र सदस्य सचिव हुमनाथ पराजुली लगायतले निर्वाचन आचारसंहिता पालना गर्न/गराउन सञ्चालन गरिएका गतिविधिका बारेमा जानकारी गराएका थिए ।

# ७७ जिल्लामा डेंगु, ४७ जनाको मृत्यु

**काठमाडौं/मस-** डेंगु संक्रमण ७७ वटै जिल्लामा फैलिएको छ । डेंगुबाट हालसम्म ४७ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत साउनदेखि हालसम्म ३८ हजार नौ सय १८ जनामा डेंगु पुष्टि भएको छ । डेंगु संक्रमण रोक्न प्रतिकार्यका कार्य तीव्र पारिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार शनिबार ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । एक हजार ७६३ नमूना परीक्षण गर्दा सो संख्यामा कोरोना संक्रमण पुष्टि भएको हो । शनिबार १६ जना कोरोना संक्रमणमुक्त भएका छन् । सक्रिय संक्रमितको संख्या छ सय ६७ छ ।

नेपालमा हालसम्म १० लाख एक सय २३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । नौ लाख ८७ हजार चार सय ३८ कोरोना संक्रमणमुक्त भएका छन् । १२ हजार १८ जनाले कोरोना संक्रमणबाट ज्यान गुमाएका छन् । शनिबार ३० हजार आठ ७६ जनाले कोरोना संक्रमण विरुद्धको खोप लगाएका छन् । हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८४ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले अतिरिक्त मात्रा लगाएका छन् ।


## Pyuthan Municipality
## Office of the Municipal Executive
Bijuwar, Pyuthan

### Invitation For Sealed Bids

**First Date of Publication: 2079-06-30 B.S., 16th Oct 2022 AD)**

1. Office of the Municipal Executive, Pyuthan (OME Pyuthan) has received grant from **GON for** Supply of basic and emergency drugs and surgical items for health service. OME Pyuthan intends to apply the funds to cover eligible payments under the contract for construction of works and further OME Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders. The OME Pyuthan invites sealed bids/ quotation from registered eligible bidders for Supply of basic and emergency drugs and surgical items for health service.
2. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at Pyuthan Municipality Office, Pyuthan Phone No. 086-460291 or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
3. Bidder must submitting their bid electronically, should deposit the cost of one thousand for bidding document in the OME Pyuthan's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids
   **Name of Bank** : Nepal Bank Limited, Bijuwar, Pyuthan
   **Name of Office** : Office of Municipality Executive, Pyuthan Bijuwar
   **Revenue Account** : **28103000001001000001**
   **Deposit Account** : **28103000003000000001**
4. Bidders must submit their bid on or before 12:00 hrs on 2079-07-29 electronically through E-Procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egpas specified in the Instruction to Bidders. Documents received after deadline will not be accepted.
5. The bids will be opened at 13:00 hrs on 2079-07-29 physically and electronically in the presence of Bidders' representatives who choose to attend at OME, Pyuthan Bijuwar.
6. Bid Security must be valid for a period of 90 days after the deadline for bid submission date &must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. The name and identification of the contract are as follows:

| SN | Contract ID No | Description of Work | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|
| 1 | 10/MUN/2079/80/ MEDICINE | Supply of basic and emergency drugs and surgical items for health service. | 83000.00 | 3000.00 | NCB |

**Chief Administrative Officer**


# खजुरा नदीमा बनेन् पक्की पुल एम्बुलेन्स समेत नजाादा समस्या

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २९ असोज

पश्चिम नवलपरासी प्रतापुर गाउँपालिका वडा नं ४ पंचपेडा खजुरा नदीमा तीन फिटको पुलमा एम्बुलेन्स वा चार पांग्रे कुनै सवारी जाने अवस्था छैन ।

प्रतापुर ४ पंचपेडास्थित खजुरा नदीमा तीन फिटको सामान्य पुलमा मान्छेहरुलाई मात्र आवत जावत गर्दै आएका छन् । त्यहाँका जनताहरुले प्रदेश संघ र जिल्लाका नेताहरुसँग धेरै पटक पुल निर्माण गर्न प्रस्ताव राखे पनि जनप्रतिनिधिहरुले आश्वासन मात्र दिँदै आएको स्थानीयहरुले बताएका छन् ।



निर्वाचनको समयमा सबै नेताहरु मत माग्न आउँछन् तर जितेपछि अहिले सम्म कुनै नेताहरु आफ्नो मुख देखाउन आएको छैन। 'पुल निर्माण गर्नको लागि नाप जाँच गरेको २ वर्ष भन्दा बढी भयो तर काम शुरु भएको छैन' स्थानीय ललन केवटले बताए ।

उनले भने 'व्यवस्थित पुल नभएकै कारण आउने जाने क्रममा धेरै पटक बच्चाहरु खोलामा खसेका छन् ।' साँघुरो बाटो भएकै कारण बिरामी पर्दा घरसम्म एम्बुलेन्स आउँदैन। 'मोटरसाइकल वा साइकलमा वारिपारी गरेर एम्बुलेन्स बोलाएर अस्पताल जाने गरेका छौँ । हामीहरु एक सय घरका परिवारहरु जहिले पनि जोखिममा छौं,' उनले भने ।

स्थानीय नेताहरुले पुल निर्माण गराउँछु भन्दै ५ वर्षदेखि यहाँका जनताहरुलाई आश्वास दिँदै आएका छन् । एक वर्ष अगाडि एक जनाको घरमा आगो लाग्दा दमकल गाउँमा आउन नसकेपछि घरभित्र रहेका सबै समानहरु जलेर नष्ट भयो ।

'अहिले मंसिर महिनामा हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनमा हामीहरु कुनै दलका उमेदवारहरुलाई मत दिनेवाल छैनौं' स्थानीय महिलाले भने, 'जबसम्म प्रतापुर वडा नं ४ स्थित पचपेडा गाउँमा पुल निर्माणको लागि बाँचा गर्दैनन् ।'

## प्रतिबद्धतामा...

गठबन्धन, साना दल र गैरदलीय गरी प्रतिनिधिसभामा १९ सय र प्रदेशसभामा ३६ सयको उम्मेद्वार छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वारी दिएको छ । १६५ सदस्यीय प्रतिनिधिसभा र ३३० प्रदेशसभाका लागि यी दलहरुले साझा उम्मेद्वारी दिएका हुन् । नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा)राप्रपा र राप्रपा नेपाल लगायतले गठबन्धन गरी साझा उम्मेद्वारी दिएको छ । प्रभु साहको विद्रोहले गर्दा यो गठबन्धनको उम्मेद्वारी संख्या घटेको छ । तर उनीहरुले पनि गैरदलीय उम्मेद्वारी दिएका छन् ।

## कन्सुलर...

कन्सुलर सेवालाई जनताप्रति उत्तरदायी बनाउँदै कम समयमा नै सहज र गुणस्तरीय सेवा दिने प्रयास गरिएको छ । त्यसका लागि तत्तत् कार्यालयमा इन्टरनेट र विषयविज्ञ जनशक्ति भने आवश्यक छ ।'

विभागको उक्त कार्यले सेवाग्राहीले काठमाडौं आउनुपर्ने स्थितिमा कमी भएको छ। विभागले आर्थिक वर्ष २०७८/७९ मा तीन लाख ७८ हजार व्यक्तिलाई कन्सुलर सेवा प्रदान गरी कागज प्रमाणित गरेवापत मात्रै २२ करोड राजस्व संकलन गर्न सफल भएको छ । अघिल्लो आर्थिक वर्षमा भने एक लाख ३४ हजारले मात्रले त्यो सेवा प्राप्त गरेका थिए । जहाँसुकैबाट पनि कन्सुलरको आफ्नो कामबारे हेर्न र बुझ्न सकिने व्यवस्था गरिएको छ ।

विभाग नयाँ प्रविधिको प्रयोगमा प्रवेश गरेसँगै कन्सुलर सेवा विभागसँग प्रणाली आबद्धता भएका कार्यालयबाट जारी राहदानी, नागरिकता, प्रहरी रिपोर्टलगायत कागजात विभागबाट तत्काल नै प्रमाणीकरण हुने व्यवस्था गरिएको छ। स्थानीय तहबाट जारी कागजात राष्ट्रिय परिचयपत्र र पञ्जीकरण विभागसँग प्रणालीमा आबद्धता गरी तत्काल नै प्रमाणीकरण हुनेसमेत व्यवस्था गरिएको छ ।

नेपालका अन्य विभाग तथा निकायलाई समेत कन्सुलर प्रणालीमा आबद्धता गर्ने कार्य भइरहेको जानकारी दिइएको छ । कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएका सम्पूर्ण काजगातको कन्सुलर सेवा विभागको प्रणालीमा विश्वभरबाट नै अनलाइन रुजु गर्न सक्ने व्यवस्था गरिएको छ । उक्त कार्यबाट नेपालका कागजात मित्थ्या हुँदैनन् भन्ने मान्यता स्थापित गर्न विभाग सफल भएको छ ।

विभागद्वारा प्रदान गरिएका सबै सेवा अनलाइन अभिलेखमा दर्ता छन् । विगतमा पाँच-सात घण्टा लाग्ने केही काम अहिले प्राविधिक हिसाबमा २१ सेकेन्डमा हुन्छ भने समग्रतामा पाँच मिनेटभित्र सम्पन्न हुने विभागले स्पष्ट गरेको छ। नेपाली कार्यालय भए पनि अंग्रेजी अनौठो नाम र सेवाग्राहीलाई नै कार्यक्षेत्र थाहा नभएको अड्डाकारूपमा रहेको कन्सुलर विभागको मुख्य काम भनेको सरकारी कागजातको अध्यागमनजस्तै हो । जहाँबाट कागजातहरूको आधिकारिक प्रस्थान र प्रवेश हुन्छ त्यो काम कन्सुलरले गर्छ ।

विदेशमा रहँदा नेपालीलाई आइपर्ने समस्या समाधान र हकहितको सुरक्षा गर्ने कार्य पनि कन्सुलरकै दायराभित्र पर्छ । आफ्ना देशका नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक अधिकारको सुरक्षा र संरक्षण गर्नु कन्सुलरको प्राथमिक दायित्व हो । हरेक कुटनीतिक नियोगको काममध्ये कन्सुलर सेवा प्रमुख कामका रूपमा रहँदै आएको छ ।


VACANCY
ANNOUNCEMENT



One of the reputed company is seeking for following applicants.
Salary: Negotiable

- Documentation : 2 M/F
Requirements: Bachelor pass, Smart in Excel, PowerPoint & Candidates should have handle all type of documents works.
- PRO : 3 M/F
Requirements: 5 years of experience in PRO field.
- Driver : 1 M
Requirements: (Age: 40 Over) Light Licence

Contact No.: 9851180182, 9801080183



## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : (२०७९/०६/३० गते)**

१. भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दैलेख देहायमा उल्लेखित निर्माण कार्यको लागि इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्मबाट रितपूर्वकको विद्युतीय बोलपत्र आह्वान गर्दछ ।

**तपसिलः**

| ठेक्का नं | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/RCW/NCB/04/2079/080 | जुम्लाकाफल-थुवाँ-वडालेक-कचाली सडक स्तरोन्नती (Part–2) वडा नं. ०५ | ८५,३५,३९९.७१ | ३,०००.०० | २,३०,०००.०० |

२. बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/०७/२९ गते | १२:०० बजे | २०७९/०७/२९ गते | २:०० बजे | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 ANTARICK RAJASHWO KHATA | 1510109328800091 | प्रभू बैंक भगवतीमाई | भगवतीमाई गाउँपालिका दैलेख GA:1.1 DHAURITI KHATA | 1510109328800041 | प्रभू बैंक भगवतीमाई |

थप सूचनाको लागि मोवाईल नं.: ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचना तथा विवरणको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp हेर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# रुन्टीगढीले थाल्यो शहीद मार्ग स्तरोन्नतिका लागि पहल

**कमल खड्का/मध्यान्ह**
रोल्पा, २९ असोज

केही वर्ष अगाडि मात्र २९ किलोमिटर कालोपत्रे भएको रोल्पाको शहीद मार्ग घोराही, होलेरी क्षेत्रभित्र पर्ने सडक छोटो समयमै बिग्रिएपछि यात्रीहरुले सास्ती व्यहोर्दै आएका छन् । उक्त सडकमार्फत चुनढुंगा ओसार्ने टिप्परहरु गुड्ने हुँदा सडक चाँडै बिग्रिएको स्थानीयको भनाइ छ । सडक बिग्रिएपछि स्थानीयले संघर्ष समिति बनाई टिप्परलाई फरक बाटो प्रयोग गरेर गुडाउन माग गर्दै आन्दोलन समेत गरेका थिए । आन्दोलन लगत्तै स्थानीयहरुले आफ्ना माग राख्दै उद्योगका टिप्परहरु गुड्न अनिश्चितकालका लागि ठप्प पारेका थिए ।

टिप्परहरु गुड्न ठप्प भएपछि उद्योगी र संघर्ष समितिबीच बैठक बसेको थियो । उक्त बैठकले अन्य सडकको विकल्प नहुँदा सम्मका लागि शहीद मार्ग नै प्रयोग गर्नुपर्ने तर बिग्रेको सडक मर्मत सम्भार गरेर र लोड बोक्दा टिप्परको ढाला बराबरको सामान मात्र बोक्ने निर्णय भएर टिप्पर सञ्चालन गर्न दिइएको थियो । त्यस यता केही समयसम्म उद्योगबाट टिप्पर ढुङ्गा लिन आउँदा ग्राभेल लिएर आउने र खाल्डाखुल्डीमा राखेर मिलाउने काम उद्योगले गरेको थियो । त्यसपछि सडकमा यात्रा गर्नका लागि केही समय अलि सहजता भएको थियो ।



तर लामो समयसम्म कसैले वास्ता नगर्दा फेरि सडक पुरानै अवस्थामा फर्किएको थियो । त्यस यता यसवर्ष स्थानीय चुनावमा रुन्टीगढी गाउँपालिकामा नेपाली कांग्रेसले जित्यो । जित हुने बित्तिकै गाउँपालिकाले सडक आयोजनासँग समन्वय गरेर नाली सफाई गर्न र खाल्डाखुल्डी पुर्न लगायो, तर वर्षाले गर्दा भनेअनुसारको काम हुन सकेन । त्यस्तै यसवर्ष उद्योगका टिप्परहरु पनि त्यति नगुडेपछि सडक सुधारमा अत्याधिक दबाब दिन समेत नसकिएको गाउँपालिका अध्यक्ष जनक पुनले मध्यान्हलाई जानकारी दिए ।

तर खाल्डाखुल्डी भएर सडकमा यात्रा गर्दा सास्ती भएको अत्यधिक गुनासो आउन थालेपछि रुन्टीगढी गाउँपालिका अध्यक्ष पुनले शहीद मार्ग सडक आयोजना र उद्योगीहरुलाई बोलाएर छलफल गराउँदा उद्योगीहरुले काम गरेको तर वर्षाले फेरि खाल्डाखुल्डी बनाएको जानकारी गराए ।

त्यसकारण पहिले नाली सफाई गरेर मात्र खाल्डाखुल्डी पुर्दा टिकाउ हुने कुरालाई जोड दिँदै सडक आयोजनाबाट नाली सफाईका लागि अवश्यक जनशक्ति खटाउने र नाली सफाईका लागि उद्योगले मेसिन उपलब्ध गराउने सहमति भएको छ। त्यस्तै खाल्डाखुल्डी पुर्न र सडक मर्मतका लागि सडक आयोजनाबाट ईस्काभेटर र उद्योगीहरुबाट टिप्पर उपलब्ध गराउने समेत निर्णय भएको छ ।

छलफलमा बोल्दै शहीद मार्ग सडक आयोजना प्रमुख पवन भट्टराईले अब बन्ने सडकको कालोपत्रेले टिप्पर लोड धान्न सक्ने क्षमताको बनाउने समेत जानकारी गराएका छन् । तर आधिकारिकरुपमै उद्योगले सोही सडक प्रयोग गर्ने हो भने यस सडक स्तरोन्नतिमा उद्योगले समेत सहयोग गर्नुपर्नेमा उनले जोड दिएका छन् । अब फेरि कालोपत्रे गर्नको लागि डिपिआर र वातावरण मूल्यांकनको काम यसै वर्ष गर्ने उनले जानकारी दिए । उनले सबै कुरा मिलाएर अर्को वर्षको दशैं अगावै टेन्डर आह्वान गर्ने जानकारी दिए ।

त्यस्तै छलफलमा बोल्दै अध्यक्ष पुनले यस क्षेत्रकै प्राकृतिक सम्पत्ति क्षति गरेर संघ र प्रदेशलाई मात्रै बनाउने हुँदा यस क्षेत्रलाई प्राथमिकता नदिनु दुखद भएको उल्लेख गरे । यस क्षेत्रका बहुउपयोगी सामग्री राज्यले लाँदै गर्दा स्थानीय सरकारले समेत केही हिस्सा पाउन सके यहाँका जनताको जीवनस्तर सुधार्न टेवा पुग्ने अध्यक्ष पुनको भनाइ छ । सोही अनुरुप स्थानीय सरकारले आफ्नो तबरबाट केही ऐन बनाउन लागेको समेत उनले जानकारी दिए ।

छलफलमा रुन्टीगढी गाउँपालिका अध्यक्ष जनक पुन, प्रमुख प्रशासकीय अधिकृत रेमन्त बहादुर डाँगी, प्रशासन अधिकृत सानबाबु खड्का, शहीद मार्ग आयोजना प्रमुख पवन भट्टराई, शहीद मार्ग आयोजना लेखा अधिकृत दिनेश थापा, सम्राट सिमेन्ट उद्योगका सञ्चालक जीवराज पन्त, सोना सिमेन्टका व्यवस्थापक विनोद घिमिरे, सम्राट सिमेन्टका कर्मचारी पुरुषोत्तम पौडेल, पिके निर्माण सेवा दाङका प्रेम प्रसाद भण्डारी र शिक्षक पृथ्वी जिएमको उपस्थिति रहेको थियो ।

# ‘प्रभु साहलाई समर्थन गर्न सकिन्न’

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ असोज

सत्तारूढ गठबन्धनको तर्फबाट माओवादी केन्द्रका रौतहट ३ नं क्षेत्रका उम्मेदवार धिरज पटेलले आफ्नो उम्मेदवारी कायम रहेको र हल्लाको पछि नलाग्न आग्रह गरेका छन् । उनले आफ्नो क्षेत्रमा एमालेबाट बाहिरिएर स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहलाई माओवादीले समर्थन गर्ने कुरामा कुनै सत्यता नरहेको दाबी गरेका छन् ।

पटेलले आफू लामो समयदेखि माओवादीमा रहेर काम गरिरहेको र सोही आधारमा पार्टीले उम्मेदवार बनाएको भन्दै आफू नै आधिकारिक उम्मेदवार रहेको दाबी गरेका छन् । उनले पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नै पछि हट्नु भने पनि आफ्नो प्रतिस्पर्धी प्रभु साहलाई कुनै हालतमा समर्थन नगर्ने र आफ्नो चुनावी अभियान अघि बढ्ने स्पष्ट पारे । उनले भने, ‘बरु मलाई गोली हानेर मारे पनि म उम्मेदवारी फिर्ता लिनेवाला छैन । र, प्रभु साहलाई समर्थन गर्नेवाला छैन ।’

उनले जो मान्छे आफ्नो पार्टीको भएन त्यो मान्छे जनताको हुन नसक्ने बताए । पटेलले भने, ‘प्रभु साहजी त हरियो घाँसभित्र हरियो सर्प जस्तो बसेर लुक्नु भा थियो । उहाँले धेरैलाई डस्नुभयो । कुनैबेला प्रचण्डलाई डस्नुभयो, माधव नेपाललाई पनि डस्नुभयो । अहिले आएर केपीजीलाई पनि डस्नुभयो । यदि उहाँसँग अब हामी सचेत भएनौं भने रौतहटका जनता सचेत भएनन् भने अब जनतालाई नै डस्नेवाला हुनुहुन्छ ।’

उनले आफ्नो क्षेत्रमा सत्ता गठबन्धन एकढिक्का रहेको उल्लेख गर्दै विभिन्न दलको सहारामा पटकपटक प्रतिनिधि बनिसकेका र भ्रष्टाचारको आरोप लागेका साहलगायतहरू पराजित हुने दाबी गरे ।

उनले भने, ‘अब प्रभु साहजी त हारिसक्नु भा को छ नि ! उहाँ पराजित भएर पो हाम्रै पार्टीका केही नेताको घर घरमा धाइरहनु भएको छ । षड्यन्त्र गर्दै हुनुहुन्छ । उहाँलाई संसदमा जानु छ, पुग्ने कसरी हो ? कसको दलाली गर्ने ? कसको चाकडी गर्ने ? कुन शक्तिको भरोसा, आडमा सत्तामा जाने भन्ने उहाँको डिजाइन हो । रौतहट ३ का जनता १५/२० वर्षदेखि प्रभु साहको सबै कर्तुत, कुकर्म, क्रियाकलापको बारेमा जानकार छन् ।’

# प्रदेश नं १ र मधेश प्रदेशबाट मतपत्र ढुवानी शुरु

**काठमाडौं/मस-** निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको छपाइ भएको मतपत्र प्रदेश नं १ र मधेस प्रदेशबाट ढुवानी शुरु गरेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि हालसम्म खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर, सप्तरी, महोत्तरी, धनुषा, सिरहा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा उक्त मतपत्र ढुवानी भएको छ ।

उक्त प्रणालीका लागि कूल चार करोड छ लाख पाँच हजार मतपत्रको छपाइ सम्पन्न भएको थियो । प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि दुई करोड चार लाख २१ हजार मतपत्रको छपाइ सम्पन्न भएको भने सातवटै प्रदेशका लागि समानुपातिकतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्रको छपाइ सम्पन्न भएको छ । पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि शनिबारसम्ममा १७ लाख मतपत्र छपाइ भएको आयोगले जनाएको छ । भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा उच्च सुरक्षासहित मतपत्र छपाइ भइरहेको छ ।

## लागुऔषधसहित चार जना पक्राउ

**चितवन/मस–** लागुऔषधसहित चार जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारतको बिहारका ३८ वर्षीय सुनिल कुमार, १९ वर्षीय विकास कुमार, ५० वर्षीय राजन ठाकुर र बाराको गढीमाई नगरपालिका-१९ का ३५ वर्षीया प्रतिमा मण्डल रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । प्रहरीले उनीहरूलाई भरतपुरबाट भारतीय नम्बरको कारसहित पक्राउ हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार उनीहरूलाई शुक्रबार भरतपुर बसपार्क चोकबाट पक्राउ गरिएको हो ।

**गोकुलगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रस्नालु, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०७९/०६/३०)**

प्रस्तुत बिषयमा यस गोकुलगंगा गाउँपालिका कार्यालयबाट मिति २०७९/०५/२७ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभाग्राही देखिएकोले बोलपत्र स्वीकृतको लागि मुल्यांकन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्वन्धित सबै फर्म को जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. न. | ठेक्का नं. | ठेक्का को नाम | छनौट भएका बोलपत्रदाता को नाम र ठेगाना | कबोल रकम (मु. अ.कर. बाहेक) |
|---|---|---|---|---|
| 1 | GRM/RCH/Goods/NCB/01/079/80 | Procurement of Gabion boxes for Gokulganga Rural Municipality | Mustang G.I. Wire Industries & Suppliers PVT.LTD. , Pokhara 08 , Kaski | 41,02,900.00 |
| 2 | GRM/RCH/Goods/NCB/02/079/80 | Procurement of Goods for Gokulganga Water Supply | Hardware Nepal Pvt.Ltd, Balaju, Kathmandu | 58,63,285.00 |

(प्रमुख प्रशासकीय अधिकृत)

**Invitation for Bids**

**Khotehang Rural Municipality, Khotang**
**Province No.1**
**Notice No. 01-2079/80 ,**
**Date of publication: 2079/06/30 (16th October, 2022)**

Khotehang Rural Municipality, Khotang invites Single Stage Double Envelope Electronic Bids form eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures.

**Bidder should deposit the Fee of bidding document in the office account as specified below.**
**Name of the Bank: Rastriya Banijya Bank, Khotang Bazar**
**Name of Office: Khotehang Rural Municipality, Khotang**
**Office Account no.: 2380100301010001**

| S. N | Contract No | Name of Work | Minimum Average Annual Turn-over required in best 3 years Over the last 10 years (NRs.) (excluding VAT) in millions | Minimum Bid Capacity (NRs.) in millions | Bid Security Amount (NRs.) | Bid Validity Period (Days) | Fee (non refundable) for Bidding document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| a | KRM/WORKS/NCB-01/079-80 | Khotang Pamakham Bhanjyang Sadak Sanrachana Nirman Khotehang 3,4 and 7 | 43 | 29 | 866000 | 90 | 5000 |
| b | KRM/WORKS/NCB-02/079-80 | Rasuwa Pandhare Sadak Sanrachana Nirman Khotehang 6,8 and 9 | 27 | 18 | 535000 | 90 | 5000 |

| S.No | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| 1. | 2079-07-29 (Tuesday, November 15, 2022 Time : Within 12:00 hr | 2079-07-29 (Tuesday, November 15,2022 Time : Within 13:00 hr |

Eligible Bidders may visit PPMO's website www.bolpatra.gov.np/ppmo e-procurement section for further information or contact Khotehang Rural Municipality at email: khotehangmun@gmail.com

**Chief Administrative Officer**


**VACANCY ANNOUNCEMENT**

One of the reputed company is seeking for following applicants.

- Documentation Officer : 2 Female




**Requirements:**
3 years experienced in Manpower Field, Must Know Excel, PowerPoint & photoshop.
Candidates Should know how to handle all type of documents works.

**The Global Recruitment Agency Pvt.Ltd.**
महराजगंज होटेल साम्बाला पछाडी, काठमाडौं, नेपाल,
फोन: ०१-५९१२१४६, ९८०८१६९९७१, Email: document.tgra@gmail.com
Govt. Lic. No.: 1253/074/075

**साउदीमा रोजगार |** कम्पनी : **ASMAA DHABIB AL SAHLI RESTAURANT**
शहर: **SAUDI**

पुर्व स्वीकृत मितिः २०७९/०३/०१ चलानी नं.: ६०१८११३४ L.T. No.: 264929 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ६ गते (23 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**INNOVATIVE**
**HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.**
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591
9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com

**मलेसियामा रोजगार |** कम्पनी: **TRIPLUS INDUSTRY SDN.BHD.**
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०२२/०६/०८ चलानी नं.: ६०१८०६५९ LT. No.: 264630 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ६ गते (23 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | क.नं. १ को रु. १०,०००/- अन्यको निःशुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

***MALAYSIA* मा रोजगार |** कम्पनी : **AR FURNITURE MANUFACTURING SDN. BHD**
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/२९ चलानी नं.: ६०१८९४७८ LT. No.: 273630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HARTA BUDIMAS SDN BHD** शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/२९ चलानी नं.: ६०१८९४७९ LT. No.: 273785

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ६ गते (23 Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851149144, 9851013724,
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com

**कतारमा रोजगार |** १. कम्पनी: **KHALID BIN ABDULLA ALMANA RENT CAR**
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२८४१ LT. No.: 266888 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 30 | 0 | स. काममा दक्ष | 1400 | ५०,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ५ गते (22 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu,Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

मध्यान्ह
www.madhyanhadaily.com
३० असोज २०७९, आइतबार
16 October 2022, Sunday

## सम्पादकीय

# नदेखिएको सुधार

सुन्दर नगर पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता शुरू भएको छ । गण्डकी प्रदेश राजधानी पोखरामा शुक्रबार शुरू भएको प्रतियोगितामा ३ कात्तिकसम्म चल्नेछ । खेलकुदको यो महामेलामा सात हजार ७९० खेलाडी सहभागी हुनेछन् । शुक्रबारबाटै कतिपय प्रतिशपर्धाको नतिजा आउन शुरू भइसकेको छ । यो प्रतियोगितामा तीन हजार ६८५ जना महिला खेलाडी छन् । ३६ विधामा हुने प्रतियोगिताको पदक संख्या स्वर्ण तर्फ ३९३ हुनेछ । उत्तिनै संख्यामा रजत ६ सय कास्य पदकका लागि प्रतिशपर्धा हुनेछ । फुटबल, क्रिकेट, भलिबल, टेनिस जस्ता समूह समूहगत प्रतिशपर्धा हुनेछ भने धेरैजसो खेल भने एकल प्रतिशपर्धा हुनेछ । विजेताले पदक र नगद समेत पाउनेछन् । तर त्यो भन्दा पनि खेलकुद क्षेत्रका लागि यो प्रतियोगिता एउटा ठूलो महोत्सव हो ।

त्यसैले यो प्रतियोगितालाई महत्वका साथ लिने गरिन्छ । खेलाडीकै निम्ति पनि यो प्रतियोगिताको ठूलो अर्थ छ । धेरैको सपना राष्ट्रिय प्रतियोगिता खेल्ने हुन्छ । त्यसका लागि छनोट खेलमार्फत् आफ्नो स्थान सुरक्षित गर्नुपर्ने हुन्छ । प्रतियोगितामा सात प्रदेश, तीन विभागीय (सेना, प्रहरी र सशस्त्र प्रहरी) र प्रवास बीच प्रतिशपर्धा हुने भएकाले छनोट खेलका आ–आफ्नै विधि हुन्छ । तर प्रारम्भिक छनोट भएरै राष्ट्रिय प्रतियोगितामा स्थान पक्का हुने हो । देशकै जर्सीमा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन योग्य पनि यो प्रतियोगिताले सहयोग पुग्छ । कयौं अन्तर ाष्ट्रिय प्रतियोगिताको छनोट आधार यही नै हो ।

तर जे–जस्ता दृष्य देखिएका छन्, त्यो भने चिन्तायुक्त छन् । किनकि प्रतियोगिता हुने मैदानसम्म पुग्नै खेलाडीहरूले ठूलै सकस खेप्नु परेको देखिन्छ । कतिपय खेलाडी लामो पैदल यात्रा भएर आएका छन् भने कयौं खेलाडी बाटैमा अलपत्र परेको सूचना सार्वजनिक भयो । खेल सामग्रीको अभाव, प्रतिशपर्धाका लागि पूर्वाधारको अभाव जस्ता समस्या नौलो होइन । यसपटक पनि त्यस्ता समस्या सुनियो । यसले जसोतसो राष्ट्रिय प्रतियोगिता सम्पन्न होला, तर अन्तर ाष्ट्रिय प्रतियोगितामा भने नेपाल फिक्का हुने पक्का छ । जबकी देशको नाम संसारभर फैलाउने, राष्ट्रिय एकतालाई बलियो बनाउने जस्ता काम खेल क्षेत्रबाटै संभव छ । त्यसैले आगामी खेलकुद प्रतियोगितामा यस्ता समस्या हल गर्ने प्रतिबद्धता सरकारबाट हुन आवश्यक छ । प्रतियोगितालाई प्रतियोगितामै सीमित गर्दै आएको पुरानो रोग निदान नभएसम्म खेल क्षेत्रले गति लिन सम्भव छैन ।

# मार्क्सवाद र संशोधनवाद

*मानिसको दिमागमा संशोधनवाद खराब हो भन्ने न्यूनतम मान्यता रहेको हुन्छ तर, संशोधनवादीहरूले आफूलाई पूँजीवादी नभनी कम्युनिष्ट भनेकाले जनतामा गहिरो भ्रम सिर्जना हुने गरेको छ ।*

अग्रलेख



● राजन तिमल्सिना

प्रगतिशील विचारधारा मान्ने मानिसहरुले प्रकृति, मानव समाज, सामाजिक क्रियाकलापका र सामाजिक शक्तिहरुको विश्लेषण मार्क्सवादको ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी मान्यताको आधारमा गर्ने गर्दछन् । मार्क्सवादका कुनै पनि मान्यता मनोगत र आदर्शवादी नभई वैज्ञानिक, वस्तुगत र पद्धतिसंगत विश्वदृष्टिकोणमा आधारित हुन्छन् ।

चेतनशील मानिसले जुन कुराको तथ्य र प्रमाण हुँदैन ती मनोगत र काल्पनीक हुन् भन्ने कुरा बुझ्नु पर्दछ, साथसाथै जुन कुराको तथ्य र प्रमाण हुन्छ ती यर्थाथ, वस्तुगत र वैज्ञानिक हुन भनि बुझ्नुपर्दछ । मानिस र पशुबीचको फरक भनेकै सचेतन चेतना मुख्यपक्ष हो, यदि मानिसको दिमागबाट चेतना झिकिदिने हो भने मानिस र पशुमा कुनै पनि फरक पाइँदैन । कतिपय मानिसहरुको चिन्तन गर्ने पद्धति, विश्वदृष्टिकोण आदिमा अज्ञानता वा अन्य कारणले गर्दा वस्तु, घटना र इतिहासलाई एकाङ्गीरूपमा हेर्ने गर्दछन् । यसरी मार्क्सवादले यस्ता तमाम विषयवस्तुको सकारात्मक र नकारात्मक दुबै (द्वन्द्वात्मक भौतिकवादी) कोणबाट वस्तु र घटनाको समिक्षा गरेर वैज्ञानिक निष्कर्ष निकाल्ने काम गर्छ । माथि उल्लेख गरे जस्तै मार्क्सवाद र संशोधनवादलाई पनि समदुरीमा राखेर हेर्नु अवैज्ञानिक र मनोगत हुन जान्छ । मार्क्सवाद र संशोधनवाद भनेको विपरित चीज हो यसलाई कदापि समदुरीमा राखेर हेर्न मिल्दैन । मार्क्सवाद र संशोधनवादलाई मित्रशक्तिको रूपमा हेर्ने गरिन्छ, वास्तवमा यो कुनै मार्क्सवादी समझदारी होइन साथै यो मानवीय चेतना पनि होइन । मानिसको दिमागमा संशोधनवाद खराब हो भन्ने न्यूनतम मान्यता रहेको हुन्छ तर, संशोधनवादीहरुले आफूलाई पूँजीवादी नभनी कम्युनिष्ट भनेकाले जनतामा गहिरो भ्रम सिर्जना हुने गरेको छ ।

मार्क्सवादको विकास हुनु अगाडि युरोपियन कम्युनिज्म/समाजवाद सुधारवादी विचारको रूपमा विभिन्न दार्शनिकहरुले उठाउँदै आएका थिए । युरोपियन समाजवाद समानता र न्यायपूर्ण समाजभित्र वर्ग संघर्षविरुद्ध वर्ग समन्वय, क्रान्तिकारी रूपान्तरणका विरुद्ध, शान्तिपूर्ण सहअस्तित्व, वर्ग विलोपिकरणको विरुद्ध वर्ग अस्तित्व, समानताका विरुद्ध शोषण जस्ता सुधारवादी विचारको जगमा उभिएको थियो ।

जर्मन मजदूर आन्दोनमा वर्नास्टाइन र लासालले संशोधनवादी कित्ताको नेतृत्व गरे भने कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले क्रान्तिकारी मार्क्सवादको विकासका साथै अस्वीकार गरे । मार्क्स र एंगेल्सले वैज्ञानिक विचारको विकास गर्ने क्रममा वर्नास्टाइन र लासाल जस्ता सुधारवादी र संशोधनवादीविरुद्ध भिषण संघर्ष गर्नु परेको थियो, भने लेनिनले पनि कार्ल काउत्सिकी, प्लेखानोभ, टाट्रस्की, बुखारिन जस्ता संशोधनवादीविरुद्ध संघर्ष गर्दै मार्क्सवादको रक्षा र लेनिनवादको विकास गर्नु भयो । त्यसैगरि माओले पनि तुस्यू, देङ्ग सियाओ पिङ्ग, वाङ्गमिङ्ग जस्ता संशोधनवादीको विरुद्ध संघर्ष गर्दै मार्क्सवाद-लेनिनवादको रक्षा र माओवादको विकास गर्नु भयो ।

विश्व कम्युनिष्ट आन्दोलनमा क्रान्तिसँगसँगै प्रतिक्रान्तिको जन्म भए जस्तै मार्क्सवादसँगसँगै संशोधनवादको पनि जन्म हुने गरेको छ । अन्तर ाष्ट्रिय कम्युनिष्ट आन्दोलनमा संशोधनवादका पिताको रूपमा प्यूधोलाई चिनिन्छ । त्यसैगरि मार्क्सवाद पूरानो भएको अलाप गर्दै वर्नास्टाइनले पनि संशोधनवादी/पूँजीवादी विचारको पक्षपेषण र वाकलात गरेका थिए । संशोधनवादका विशेषताहरु दक्षिणपन्थी, उग्रपन्थी र मध्यपन्थीको रूपमा प्रकट हुने गरेको छ भने संशोधनवाद मूलतः तीन वटा श्रोतबाट जन्म हुन्छ, जस्तो निम्नपूँजीवाद, उपभोक्तावाद र अवसरवाद । संशोधनवादीहरुको साम्राज्यवादी, पूँजीवादी, दलाल तथा नोकरशाहीहरुसँग घनिष्टता र निकटता रहेको हुन्छ ।

कम्युनिष्ट पार्टीको नाम र झण्डा बोक्दैमा कम्युनिष्ट हुन्छन् भन्ने मान्यता नै शत् प्रतिशत गलत र भ्रमपूर्ण छ । संशोधनवादी मार्क्सवादीका दाजुभाई नै हुन् र वर्गमित्र पनि हुन् भन्ने दृष्टिकोण नबदलेसम्म मार्क्सवादको रक्षा प्रयोग र विकास गर्न सकिँदैन । सच्चा कम्युनिष्टहरुले उनीहरु मित्रशक्ति हुन भन्ने भ्रम पाल्नाले कम्युनिष्ट आन्दोलनलाई ठूलो क्षति भएको छ । मार्क्सवादीहरुले संशोधनवादसँग लड्दा प्रतिक्रियावादलाई फाइदा पुग्ने हो कि भन्ने भ्रम पर्न गएकाले सतर्कतापूर्वक आलोचना



*कम्युनिष्ट पार्टीको नाम र झण्डा बोक्दैमा कम्युनिष्ट हुन्छन् भन्ने मान्यता नै शत् प्रतिशत गलत र भ्रमपूर्ण छ । संशोधनवादी मार्क्सवादीका दाजुभाई नै हुन् र वर्गमित्र पनि हुन् भन्ने दृष्टिकोण नबदलेसम्म मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्न सकिँदैन ।*

मात्र गर्दछन् । जब कम्युनिष्ट र संशोधनवादीको बीचमा आलोचना गर्न सुरु हुन्छ तब पूँजीवादीहरुले कम्युनिस्टहरू एक आपसमै लरालर गर्दछन् भनेर जनतामा ठूलो भ्रम सिर्जना गर्दछन् ।

संशोधनवाद भनेको सच्चा पूँजीवाद हो, यो कदापी मार्क्सवाद हुन सक्दैन । मार्क्सवादको आवरणमा पूँजीवादी सारतत्व लागू गरी श्रमजीवी वर्गमाथि ठगी धन्दा संचालन गर्नु नै संशोधनवाद हो । पूँजीवादीहरु खुल्लारूपमा शोषणको स्वतन्त्रताको वाकलात गर्दछन् भने संशोधनवादीहरु छद्मवेषी बनेर उही कुकर्म गर्दछन् । कुरा प्रष्ट छ की पहिलो पंक्तिका मानिसभन्दा दोस्रो पंक्तिका मानिसहरू बढी अनैतिक छन्, जसले मार्क्सवादको आवरणमा पूँजीवादी शोषण र व्यक्तिगत स्वार्थको लागि जनताको मुक्ति र समाजवादको नारा लगाइरहेका हुन्छन् ।

संशोधनवाद सारसंग्रहवादको रूपमा भ्रष्टिकरण भएको छ । यसले वर्ग संघर्षको परित्याग गरि वर्ग समन्वय बाटो पहिल्याई बाघ र बाख्रा एउटै खोरमा अटाउने वर्ग समन्वयवादी अवैज्ञानिक कुतर्क गर्दछ । मार्क्सवादको सिर्जनात्मक प्रयोगको नाममा सर्वहारा अधिनायकत्व छोडी पूँजीवादी अधिनायकत्वलाई निरन्तरता दिन अनेकौ बहाना बाजी गर्दै संसदीय फोहोरी अहालमा डुब्दछ । यसले शान्तिपूर्ण संक्रमणको नाराद्वारा श्रमजीवी वर्गमाथि वर्गघात गर्दै शोषणमूलक समाजको भत्किसकेको व्यवस्थालाई रंगरोगन गरी नयाँ बनेको हल्ला गर्दछ । साथसाथै यसले सर्वहारा क्रान्तिलाई अस्वीकार गर्दै संसदीय अनैतिक फोहोरी खेलबाट नै वैज्ञानिक समाजवादमा पुग्न सकिन्छ भनि जनतालाई भ्रमित पार्दछ ।

संशोधनवाद भनेको छद्यम पूँजीवाद हो, खुल्ला पूँजीवाद सजिलै चिन्न र बुझ्न सकिन्छ भने छद्यम पूँजीवाद हरियो घाँसभित्र लुकेको हरियो साँप जस्तो हुन्छ, यसले खेतबारीमा काम गर्नेमाथि सजिलै आक्रमण गर्न सक्दछ । अन्य सापहरु टाढैबाट चिन्न र सर्तक हुन सकिन्छ त्यस्तै संशोधनवादीबाट पनि जनता नराम्रोसँग ठगिन पुग्छन् । मार्क्सवादको मन्त्रोचरण गरेर मार्क्सवादमाथि छुरा धस्नु संशोधनवादको मूल विशेषता हो । यसले मार्क्सवादभित्र पूँजीवादको गर्भाधारण गराउँछ र मार्क्सवाद र पूँजीवादको अनैतिक गर्भधारणबाट जन्मिएको अवैध सन्तान नै संशोधनवाद हो ।

संशोधनवादीहरु आफ्नो स्वाभीमान बन्दकी राखेर पूँजीवादी सरकारमा सामेल हुन्छन् र जनतालाई समाजवाद र साम्यवादका सपना बाँडेर पूँजीपतीवर्गको मतियार बनि मोजमस्ति, भोगविलास, ऐसआराम, भ्रष्टाचार जस्ता घृणित कुकर्म गर्न पूँजीवादीभन्दा अगाडि हुन्छन् । आफूले वर्षौंदेखि उठाउँदै आएका वर्गीय मुद्दा भुलेर आफ्नै परिवार र नातागोताभित्र राजकीय अवसर दिलाउन अनैतिकरूपमा मरिमेटेर लाग्छन् । संशोधनवादको भ्रमित विचारद्वारा श्रमजीवी जनता अलमलमा परेका छन्, उनीहरुले को सच्चा कम्युनिष्ट हो, को ढोगी कम्युनिष्ट भनेर छुट्याउन गाह्रो परेको छ । मुख्यतयाः मार्क्सवाद-लेनिनवाद-माओवादको विचार वर्गसंघर्ष र बल प्रयोगको कार्यदिशा बोकेका पार्टीहरुमात्र सच्चा मार्क्सवादी कम्युनिष्ट पार्टी हुन् ।

आधुनिक संशोधनवादका जन्मदाता सोभियत कम्युनिष्ट पार्टीका नेता निकिता ख्रुश्चेभ हुन् । उनले मार्क्सवाद-लेनिनवादको झण्डामुनि वर्ग समन्वयवादी विचारको जगमा आधुनिक संशोधनवाद लागू गरे । ख्रुश्चेभले सर्वहारा अधिनायकत्व र बल प्रयोगको सिद्धान्तलाई लात हान्दै 'सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको सत्ता र शान्तिपूर्ण संक्रमण'को पूँजीवादी नाराद्वारा प्रतिक्रान्ति गरेका थिए । उनले समाजवादको ठाउँमा पूँजीवाद, वर्गसंघर्षको ठाउँमा वर्गसमन्वयवाद, सर्वहारा अन्तराष्ट्रवादको ठाउँमा सामाजिक फाँसिवाद, मार्क्सवादी विचारको ठाउँमा संशोधनवादी पूँजीवादी विचारधारा र सामूहिक र राजकीय स्वार्थको ठाउँमा व्यक्तिगत तथा नीजि स्वार्थ जस्ता विजातीय कर्मद्वारा सोभियत विघटनको जग बसालेका थिए । लेनिनको नेतृत्वमा सोभियत जनताको भिषण त्याग, बलिदान र संघर्षद्वारा स्थापित सर्वहारावर्गको सत्तालाई सजिलै प्रतिक्रान्ति गरी पूँजीवादी मेशिनरीमा बदल्न ख्रुश्चेभी संशोधनवाद सफल भयो ।

संशोधनवादको नयाँ प्रयोग इन्डोनेसिया र चिलीको कम्युनिस्ट आन्दोलनमा प्रकट भयो । चिलीको कम्युनिस्ट पार्टीले खुश्चेभको तीन शान्तिपूर्ण सिद्धान्तको आधारमा संसदीय व्यवस्थाबाट सर्वहारा अधिनायकत्व लागू गर्न सकिन्छ भन्ने विश्वास लियो । वास्तवमा संसदीय पूँजीवादी व्यवस्था र त्यसका आम मेशनरीले सर्वहारावर्गको होइन पूँजीवादीको सेवा गर्छ भन्ने सामान्य समझदारी पनि नेतृत्वमा हुन सकेन । पूँजीवादी पुरानो बनिबनाउ बुर्जुवासत्ता पूर्णरूपमा ध्वस्त नगरेसम्म त्यसले सर्वहारा अधिनायकत्व लागू गर्न सक्दैन । निर्वाचनमार्फत सत्तामा पुगेको क्रान्तिकारी सरकारले सत्ताका संयन्त्रहरूलाई परिवर्तन गर्न खोज्यो तर, साम्राज्यवादी र पुँजीवादीहरूका दलालहरू त्यसलाई सफल हुन दिएनन् । अमेरिकी साम्राज्यवादको निर्देशनमा चिलीको सेना, प्रशासन तथा वित्तीय संस्थाहरूको आडमा कम्युनिस्ट सरकारीले जनतामाथि भिषण दमन चलायो । त्यस दमनबाट लाखैंको संख्यामा नरसंहारमार्फत अमेरिकाले आफ्नो पूँजीवादी सरकार स्थापना गर्‍यो । त्यस घटनाले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई ठूलो शिक्षा दिएको छ ।

नेपाललगायत विश्वभरि नै कम्युनिष्ट पार्टीप्रति जनताको आस्था र भरोसा निकै ठूलो छ । चुनाव जित्नको लागिमात्र कम्युनिष्ट पार्टीको नाम र झण्डा प्रयोग गर्ने गरेका छन् तर, कम्युनिष्ट कर्म गर्न होइन । यदि जनहितको काम गर्ने भए सुविधाजनक दुईतिहाइको सरकार छ जसले कुनै रोकावट भए संविधान संशोधन गरेर समाजवादी कार्यक्रम लागू गर्न सक्छ । संशोधनवादीहरु रचानात्मक हुँदैनन्, उनीहरु ध्वंसात्मक हुने भएकाले समाजवाद होइन पूँजीवादलाई नै मजबुतीकरण गर्दछन् । संशोधनवादीहरूले सत्ताको समेत दुरूपयोग गरेर कम्युनिष्टहरुलाई बदनाम गराउने र मानिसहरूलाई भ्रष्ट बनाई जुन जोगी आएपनि कानै चिरेको भन्ने उखानलाई चरितार्थ गर्नेछन । वर्तमान परिवेशमा संशोधनवादका विरुद्ध क्रान्तिकारी मार्क्सवादको झन्डा उठाउने काम धेरै चुनौतीपूर्ण छ ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

लामो समय सत्तामा हुँदा देश बन्ने भएको भए राणाकाल, राजतन्त्रकालमा संसारको उत्कृष्ट देश बन्नुपर्ने थियो तर, देश संसारको सबैभन्दा गरिब किन भयो ? लामो समय सांसद भएर उत्कृष्ट सार्वभौम संसदको गरिमामय उच्च हुने भएको भए अहिले हाम्रो सांसद महोदयहरूले किन संसदलाई खरिद–बिक्रीको थलो बनाएको होलान् ?



**- भीम रावल**

प्रतिक्रियावादी र विदेशीसँग साँठगाँठ गर्ने पार्टीका प्रमुखलाई उम्मेदवार बनाई त्यस्तासँग जबज विपरीत तालमेल गर्ने र क्षेत्रदेखि प्रदेशसम्म एकल सर्वसम्मत उम्मेदवार सिफारिश भएकालाई उम्मेदवारीबाट बञ्चित गर्नेहरू नै पार्टी अनुशासन उल्लंघन गर्ने र अरूको रणनीतिका पृष्ठपोषक ठहरिन्छन् ।



**-राधाकृष्ण कटवाल**

समानुपातिक व्यवस्था नेताले "जनतालाई पार्टीको कार्यकर्ता" बनाउन ल्याएका हुन् । अर्को समानुपातिकको आडमा आफन्तलाई सांसद बनाउन र राजनीति व्यापार बनाउन ल्याएको हो । त्यसैले समानुपातिकमा भोट हालेर राजनीति पार्टीको कार्यकर्ता नबनौं । गम्भीर भएर सोचौं, समानुपातिक राजनीतिक विकृति हो ।



**- बिमल पोखरेल**

काठमाडौंका सडकमा खुल्ला तरिकाले व्यापार गर्न दिने हो भने पैदल हिँड्नको लागि एक इन्च पनि बाँकी रहँदैन । देशभरका मान्छेलाई बेरोजगार बनाएको र काठमाडौं थुपारेको सिंहदरबारका शासकहरूले हो, मेयर बालेन शाहले होइन । र, काठमाडौंका सबै सडक व्यापारीको व्यवस्थापन गर्ने ठेक्का बालेनको होइन ।



**- एलिजा ढकाल**

काठमाडौंमा फुटपाथमा व्यापार गर्न नदिने निर्णय एकदमै सही निर्णय हो । फुटपाथमै व्यापार गरेर पेट पाल्ने जनताको रोजिरोटीको व्यवस्थापन पनि मेयरको जिम्मेवारी हो । जनता भोकै सुतेको, रोएर सुतेको सहर सुन्दर हुनै सक्दैन । काठमाडौंले विकासलाई जनताको दैनिकीसँग, सहजतासँग जोड्न सक्नुपर्छ ।

# दलहरुभित्र विद्रोह किन ?

विचार



● उपेन्द्र झा

चुनावकै बेला जनाधार भएका, प्रभावशाली शीर्ष नेताहरुको ठूलो पंक्ति एमाले पार्टीभित्र विद्रोह गरेर स्वतन्त्र भएका छन् । कसैले टिकट नपाएर, कसैले पाएर पनि एमाले पार्टी परित्याग गरेका छन् । विभिन्न ठाउँका ५० भन्दा बढी प्रभावशाली नेताहरुको पलायन हुने कारण एमाले अध्यक्ष केपी शर्मा ओलीको स्वेच्छाचारिता, निरंकुश कार्यशैली तथा परम्परागत सोच नै हो । यही स्वेच्छाचारी प्रवृतिका कारण गत वर्ष माधव नेपालको नेतृत्वमा एमाले पार्टी विभाजन भएको थियो । जसमा दर्जनौं सांसदसहित ५० भन्दा बढी शीर्ष नेताहरुको पलायन भएको थियो । ओलीका कारण क्षयीकरण भोग्ने एमालेको नियती नै बनेको छ । टिकट नपाएर घनश्याम भूषाल समूहका दर्जनौं नेताहरु स्वतन्त्र उम्मेदवारी दिएका छन् भने रौतहटको सम्पूर्ण एमाले टिकट लिएर स्वतन्त्र उम्मेदवारी दिने प्रभु साहले केपी शर्मा ओली र उपेन्द्र यादवको अप्राकृतिक गठबन्धनबाट रुष्ट भई पार्टी परित्याग गरेका छन् । रूपन्देहीमा पनि जिल्लाका दर्जनौं नेताहरु टिकट नपाएर एमाले परित्याग गरेका छन् ।

एमालेलाई मधेश विरोधीको रूपमा छवि बनाइदिएको अध्यक्ष ओलीले चाहेर पनि एमालेलाई संगठित राख्न सकिरहेको छैन । एमाले माओवादीको एकीकरणबाट सशक्त पार्टीको रूपमा रहेको एमालेलाई ओलीले संगठित रहन दिएन । ओलीको निरंकुश कार्यशैली र चरित्रमा सहकार्य गर्ने गुणको अभावका कारण माओवादी अलग भयो, एमाले टुक्रा भयो । एमाले टुक्रिने प्रक्रिया थामिएन । चुनावको मुखमा आएर पार्टीबाट नेताहरुको व्यापक पलायनबाट कमेडी गरी सबैलाई हँसाउने ओली साह्रै दुःखी भएको देखिन्छ । मधेश विरोधी एमाले र आफूलाई मधेशवादी नमान्ने उपेन्द्र यादवको नोमिननेशनको दुई दिनपूर्व भएको गठबन्धन यादवको राजनीतिक निर्लज्जताको पराकाष्ठा हो । आफ्नो मन्त्रिमण्डलबाट अपमानजनक रूपबाट

*जनतामा पार्टीहरुप्रतिको आस्था मेटिदै गएपछि आज नेता, कार्यकर्ताको विद्रोह सबै पुराना पार्टीमा देखिएका छन् । अनास्था जागृत भएपछि विद्रोह जन्म लिनु स्वाभाविक हो । देशको जनता नवीनताको खोजीमा छन् । पार्टी संगठनको दाम्लो चुँडाएर जनता स्वतन्त्र तिर आकर्षित हुन थालेको छ ।*

फालिएका यादव त्यसपछिका दिनमा तथानाम गाली गरेर अहिले ओलीको अंकमालमा बाँधिनु वैचारिक स्खलन नभई अरु के हो ? नेपाली कांग्रेससँग बदला लिनका लागि बिना कारण नागरिकता विधेयक पास हुन नदिएर मधेश विरोधी एमालेसँग यादवको साँठगाँठ एमालेसँगै यादवको पतनको कारण नबनोस् ।

यादवले ओलीसँग गठबन्धन बनाएर मधेशी शहीद र जनताको अनादर गरेका छन् । मधेश विरोधी प्रवृतिसँगको मतैक्यता यादवलाई भारी क्षतिको बोझ उठाउनु पर्ने सम्भावना छ । देश र जनताको विकास र समृद्धिको कल्याणकारी एजेण्डा बोकेर राजनीतिक दलहरु जब सत्तामा आए, स्थायी सरकारले पहिले पैसा कमाउने बाटो देखायो । आफू समृद्ध भए मात्र देशलाई समृद्ध गर्न सकिन्छ भन्ने मन्त्र राज्यसत्ताले सिकायो । यो मन्त्र सत्य पनि लाग्यो । विस्तारै ठूलादेखि साना दलहरु यही मन्त्र जापमा लागे । सबै राजनीतिक दलहरु पैसा कमाउने बाटो अख्तियार गरेपछि देश बनाउने एजेण्डा नै बिलीन भयो । यस्तो अवस्थामा देश ३ दशकभन्दा बढी भड्किँदै गएपछि जनतामा राजनीतिक दलप्रति रहेको आस्था बिलायो । देश अर्कै करबाट लिने तयारी गर्न थाल्यो । स्थानीय चुनावमा केही शहरका सचेत मतदाताहरुले शक्तिशाली राजनीतिक दलहरुको परम्परागत कार्यशैलीलाई चुनौती दिने उद्देश्यले स्वतन्त्र व्यक्तिलाई मेयर पदमा जितायो । ठूला पार्टीको अहंकार क्षत विक्षत भयो । दुई चार वटा स्वतन्त्र मेयर पदमा आएपछि जनतामा नवीन विचार फैलिन लाग्यो । वालेन शाहको सुधार कार्यबाट प्रभावित जनता एउटाले पनि काम गर्न सक्दछ सोचेर आम चुनावमा स्वतन्त्रलाई जिताउने मनस्थिति बनाएका छन् ।

धन कमाउन लोभिएका दलहरु स्वार्थ लिप्सामा यति व्यस्त भए कि देशको विकास र समृद्धिका जिम्मेवारी नै बिर्से । देशमा बेथीतिले स्थान पायो । सरकार मात्र होइन, सरकारी संयन्त्र सबैले आफ्नो जिम्मेवारी बिर्से । फलतः हरेक क्षेत्रमा अराजकता फैलियो । देश अस्त व्यस्त भयो । दलहरु, व्यक्तिहरु, कर्मचारीहरु, न्यायाधीशहरु, सेना, पुलिस कसैमा इमानदारी रहेन । सबैले देशको दोहन, शोषणलाई नै आफ्नो जिम्मेवारी ठाने ।

देशको मौलिक अधिकारलाई पनि विदेशीको हातमा बेचेर खाए । पैसा पाए देशै बेचिदिने यस्तो छ, हाम्रो राष्ट्रवादी प्रवृति । देशका लागि नयाँ कुरा केही दिन नसकेको अवस्थामा जनतामा आएको विरक्तिको परिणाम पनि राजनीतिक दलहरुले नै भोग्नुपर्छ । जनतामा पार्टीहरूप्रतिको आस्था मेटिदै गएपछि आज नेता, कार्यकर्ताको विद्रोह सबै पुराना पार्टीमा देखिएका छन् । अनास्था जागृत भएपछि विद्रोह जन्म लिनु स्वाभाविक हो । देशको जनता नवीनताको खोजीमा छन् । पार्टी संगठनको दाम्लो चुँडाएर जनता स्वतन्त्र तिर आकर्षित हुन थालेको छ । मतदाता जति मात्रामा दाम्लो चुँडाएर स्वतन्त्र हुन्छन् त्यति नैमात्रामा स्वतन्त्र व्यक्ति जितेर आउँछन् । छ वटै राजनीतिक दलका शीर्ष भ्रष्ट नेताहरुलाई ठाउँका ठाउँ रोक्ने अभियान केही दिनदेखि अभ्यासरत थियो ।

*मधेशवाणीबाट*

# टर्कीको कोइलाखानीमा विस्फोट, ४० जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** उत्तरी टर्कीको बार्टिन प्रान्तको एक कोइला खानीमा विस्फोट हुँदा कम्तीमा ४० जनाको मृत्यु भएको छ भने दर्जनौं फसेका छन् । शुक्रबार विस्फोट हुँदा करिब ११० जना खानीमा थिए, जसमध्ये झन्डै आधा ३०० मिटरभन्दा गहिराइमा रहेका थिए । टर्कीका स्वास्थ्यमन्त्रीले ५८जनाको उद्धार गरिएको र उनीहरूको उपचार भइरहेको जानकारी दिए ।



विस्फोट करिब ३०० मिटर गहिराइमा भएको अनुमान गरिएको छ । करिब ४९ जनाले ३०० देखि ३५० मिटर (९८५ देखि १,१५० फिट) भूमिगत जोखिमपूर्ण क्षेत्रमा काम गरिरहेका थिए । ब्ल्याक सीको तटीय क्षेत्रमा पर्ने अमासरा स्थित खानीबाट उद्धारकर्मीहरूले विस्फोटका कारण पुरै कालोले ढाकिएका मानिसहरूलाई खानीबाट निकाल्दै गरेका भिडियोहरू सार्वजनिक भएका छन् ।

विष्फोटको कारण भने खुल्न सकेको छैन र यसबारेमा अनुसन्धान भइरहेको छ । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले शनिबार उक्त स्थलको भ्रमण गर्ने अपेक्षा गरिएको छ । भाग्न सफल एक कामदार भन्छन्, 'त्यहाँ धुलो र धुवाँ थियो र के भयो हामीलाई थाहा छैन ।' टर्कीका ऊर्जामन्त्रीले घटनाको प्रारम्भिक सङ्केतहरूबाट कोइला खानीमा निस्कने प्राकृतिक मिथेन ग्यासका कारण विस्फोट भएको हुनसक्ने देखिएको बताएका छन् । 'हाम्रो लागि यो साँच्चिकै पश्चात्तापपूर्ण अवस्था हो,' उनले भने । खानीको सुरुङ आंशिक रूपमा अवरुद्ध भएको तर हावाको आवतजावत गर्ने बाटो बन्द नभएको उनले जानकारी दिए । खानीभित्र आगो बाँकी नरहेको पनि उनले बताएका छन् ।

# बेलायतको वित्तमन्त्रीमा जेरेमी हन्ट नियुक्त

**काठमाडौं/एजेन्सी–** बेलायतका पूर्व विदेशमन्त्री जेरेमी हन्टलाई बेलायतको वित्तमन्त्रीका रूपमा नियुक्त गरिएको डाउनिङ स्ट्रिटले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पचपन्न वर्षीय हन्टको नियुक्ति क्वासी क्वार्टेङको राजिनामापछि भएको हो । उनले आफ्नो मिनी बजेटका कारण बेलायती अर्थतन्त्रमा नकारात्मक प्रभाव देखिएको आरोपपछि राजीनामा दिएका हुन् ।

'तपाईंले मलाई वित्तमन्त्रीबाट राजिनामा दिन भन्नुभएको छ । मैले यसलाई स्वीकार गरेको छु,' क्वार्टेङले प्रधानमन्त्री लिज ट्रसलाई सम्बोधन गर्दै ट्वीटरमा लेखेको राजीनामामा भनेका छन् ।

क्वार्टेङको ३८ दिनको कार्यकाल इतिहासमै सबैभन्दा कम समय जिम्मेवारी सम्हाल्ने बेलायती अर्थमन्त्रीको रूपमा रेकर्ड भएको छ ।

गत महिना उनले प्रस्तुत गरेको मा विवादास्पद ऋण-वित्त पोषित कर कटौती समावेश मिनी बजेटलाई बेलायतको आर्थिक समस्याको लागि दोषी ठहराउँदै उनलाई पदबाट हट्न दबाब दिइएपछि उनको राजिनामा आएको हो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०६/३०**

**गुहेस्वरी पोलिक्लिनिक एण्ड नर्सिङ होम केयर प्रा.लि.** को मिति २०७९/०६/२७ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुहेस्वरी क्लिनिक प्रा.लि. (प्रा. लि. नं.: २८९५९८)**, कायम गर्ने गरी मिति २०७९/०६/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सिल्ली इन्टरनेशनल प्रा.लि. हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/१०/२९ मा दर्ता भएको **सिल्ली इन्टरनेशनल प्रा.लि. (दर्ता नं. १४५१३३)** को मिति २०७९/०६/२४ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि.का.म.न.पा वडा नं. २६, सामाखुसी, कपुरधारामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः लक्ष्मण श्रेष्ठ, इजाजतपत्र नं. ३६९, फोन नं. ९८५१०७८५४०**


## मलेसियामा रोजगार | कम्पनीः VIN HUA DYEING & FINISHING SDN. BHD.

शहरः Malaysia

पुर्व स्वीकृत मितिः २०७९/०६/२९ चलानी नं.: ६०१८९३९५ L.T. No.: 273730

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ६ गते (23 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

U O P

श्रम इजाजत नं. ९४/०५३/०५४

# यूनिक ओभरसिज प्रा. लि.

विशालनगर-५, काठमाडौं, नेपाल, फोनः ४४२३६३७, फ्याक्सः ४४१९०४९
Website: info@uniqueos.com | Email: info@uniqueos.com


## Invitation for Bids

### Bardagoriya Rural Municipality
### Office of the Rural Municipal Executive

Muda, Kailali

Date of Publication: Oct 16 , 2022 (2079/06/30)

*Bardagoriya Rural Municipality, Office of the Municipal Executive* invites online bids from eligible bidders with **WHO-GMP Certificate** for the Supply and Delivery of Medicines and Medicinal Goods mentioned below under Sealed Quotation Procedure.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT & Contingencies (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 10/BRM/ SQ/2079/080 | Supply and Delivery of Medicines and Medicinal Goods, Bardagoriya Rural Municipality, Kailali | 16,81,021.99 | 47,500.00 | 1000/- | Hard Copy Not Acceptable |

1. Eligible Bidders with **WHO-GMP Certificate** may obtain further information and inspect the Bidding Documents at Bardagoriya Rural Municipality office, Kailali, Email: bardagoriyagaupalika2017@gmail.com, Phone no. 9848816748 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Sanchit Kosh (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: NIC Asia Bank, Bauniya, Kailali.**
   **Name of Office : Bardagoriya Rural Municipality**
   **Office Account no.: 095205028226002 (For Deposition of Bid Document Charge Rs. 1000.00)**
   **9541498687524004 (Dharauti Khata) Ga-3 (In Case of Bid Security Amount Deposition ).**
3. Pre-bid meeting shall be held at Bardagoriya Rural Municipality, Office at 11:00 am on **2079/07/04 ( Oct 21, 2022).**
4. Electronic bids must be bought with in **2079/07/16 (Nov 02, 2022 )** and can be submitted to at Bardagoriya Rural Municipality Office, Muda Kailali through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on **2079/07/16 (Nov 02, 2022 )**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on **2079/07/16 (Nov 02, 2022 )**. at the office of Bardagoriya Rural Municipality Office, Kailali. Bids must be valid for a period of 45 (Forty Five) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to minimum of **NRs. 47,500/- (Forty Seven Thousand Five Hundred only)** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bardagoriya Rural Municipality City Office, Muda Kailali, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of the Supply and Delivery of Medicines and Medicinal Goods, Bardagoriya Rural Municipality Kailali reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Bardagoriya Rural Municipality Office, Muda, and Kailali.

**Chief Administrator Officer**


## मलेशियामा रोजगारको अवसर | कम्पनीः HIGHLANDS ERA SDN BHD

शहरः Malay

पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३५१ L.T. No.: 273355

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## साउदीमा रोजगारको अवसर | कम्पनीः SAHARA BUSINESS OPERATION AND MAINTENANCE COMPANY

शहरः RIYAD

पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४३३ L.T. No.: 273886

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक ६ गते (23 october 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

# Yatra H.R. Solution Pvt. Ltd.

Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

Gov. Lic No. 1096/073/074

## शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

कम्पनी : स्मार्ट इन्डस्ट्रिज एसडिएन. बिएचडी.
COMPANY: SMART INDUSTRIES SDN. BHD.
ठेगाना / Address : पेरक, मलेसिया / Perak, Malaysia
फोन : (६०५) ८९११०२८ / Phone : (605) 8911028
फ्याक्स : (६०५) ८९१२०२७ / Fax : (605) 8912027

| पूर्व स्वीकृती मिति- २०७९/०६/२८ | लट नम्बरः २७३६६५ | चलानी नम्बर - ६०१८९४६३ |
|---|---|---|
| Pre-approval Date - 2022/10/14 | LT No. – 273665 | Serial No.: 60189463 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | माग संख्या No. of Demand महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब Monthly Salary ने.रू. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | २० 20 | 0 0 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,००० 42,000 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

- यो भर्ती प्रक्रिया शून्य लागत नीति अन्तर्गत छ । टाइटानिकको सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी, फोटो, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, बिमा, कल्याणकारी कोष, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Photo, Medical, Visa, Transport, Lodging, Food During Interview & Before Departure, Orientation, Insurance, Welfare Fund, Labor Approval, Air Ticket) including titanic service charge will be borne by the employer. So, no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, मोबाइल फोन, सुन, गरगहना, पशुधन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall be given or commit to our office or anybody in lieu of fees (Gifts, Mobile Phone, Gold, Jewelry, Livestock Etc.)
- इच्छुक आवेदकहरुलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन । We request interested applicants to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman anywhere.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-९८०१००४३४५ grievance@titanicmanpower.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page - Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय, बसुन्धरा चौकी, काठमाडौंमा २०७९ असोज ३० र ३१ गते हुनेछ ।
Pre Interview will be held on TITANIC office, Basundhara Chauki, Kathmandu 16 & 17 October 2022
फाईनल अन्तर्वार्ता टाइटानिक कार्यालय, बसुन्धारा चौकी, काठमाडौंमा २०७९ कात्तिक ६ गते हुनेछ ।
Final Interview will be held on TITANIC office, Basundhara Chauki, Kathmandu 23 October 2022.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

